गाउँ कार्यपालिकाको १८ (अठारौ) बैठक / २०८१/०८२

मिति : २०८१ साल चैत्र २१ गते बिहिबार
अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष )

समय : दिनको : ७:३० बजे
स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क्र. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | |
| ६ | रमेश राई | सदस्य | |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | |
| ११ | पवित्र भुजेल | सदस्य | |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | |
| १३ | अमित देवी राई | सदस्य | |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. कक्षा ६ देखि ८ को स्थानीय पाठ्यपुस्तक स्वीकृती गर्ने सम्वन्धमा ।
३. खानेपानी बोर्ड बैठकका निर्णयहरु सम्वन्धमा ।
४. दायित्व नेपाल, प्रदेश सरकार र पौवादुङमा गाउँपालिका द्वारा सञ्चालित GEEP कार्यक्रममा भएका प्रगति सम्वन्धमा ।
५. UWS Nepal संगको सहकार्यमा पौवादुङमा गा. पा. मा सञ्चालन हुने ZEP कार्यक्रममा भएका प्रगती सम्वन्धमा ।
६. संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय र पौवादुङमा गा. पा. को साझेदारीमा निर्माण भएको च्याङ्ग्रे पोखरीको ठेक्का सम्वन्धमा ।
७. कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्वन्धमा ।
८. परामर्श सेवाको खर्च भूक्तानी गर्ने सम्वन्धमा ।
९. अन्य विविध प्रस्तावहरु सम्वन्धमा ।

नविन भट्टराई
प्रमः प्रशासकीय अधिकृत

मिति २०८१ साल चैत्र २१ मा सम्पन्न १८ (अठारौ) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको सत्रौ बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २

गाउँ शिक्षा ऐनमा व्यवस्था भए बमोजिम गाउँपालिका द्वारा निर्माण गरिएको कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तक स्वीकृत गर्ने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ३

पौवादुङमा खानेपानी बिकास बोर्डबाट पारित निर्णयहरु यस गाउँपालिकाको गरिमामय बैठकमा पेश भई जानकारी भयो । सो सम्वन्धमा बृहत छलफल गरी गाउँपालिकामा सञ्चालित खानेपानी आयोजनालाई अझ व्यवस्थित र प्रभावकारी ढंगबाट संचालन गर्न समितिहरुलाई आवश्यक निर्देशन दिने र प्रदेश सरकारबाट विनियोजन भएको च्याङ्ग्रे खानेपानी आयोजना एवं पौवादुङमा खानेपानी शिर्षकमा प्राप्त बजेटबाट खानेपानी मर्मत सुधारमा काम गर्ने गरी बिकास बोर्ड बैठकबाट गठन भएको उपभोक्ता समितिलाई अनुमोदन गरी सम्झौताको लागि खानेपानी सरसफाई तथा डिभिजन कार्यालय, भोजपुरमा पठाउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ४

प्रदेश सरकार र दायित्व नेपाल बिराटनगरको आयोजनामा यहि २०८१ चैत्र १५ र १६ मा विराटनगरमा सम्पन्न भएको बृद्धिमुखी रोजगार (GEEP) कार्यक्रमको बारेमा विस्तृत जानकारी कार्यालय प्रमुखबाट बैठक समक्ष जानकारी गराउनु भयो । सो कार्यक्रम संचालनको सन्दर्भमा आवश्यक छलफल गरी उक्त कार्यक्रम प्रदेश सरकार, दायित्व नेपाल र पौवादुङमा गाउँपालिकाको त्रिपक्षीय साझेदारीमा सञ्चालन हुने भएकोले त्रिपक्षीय सम्झौतामा उल्लेख भए बमोजिमको शर्तनामा अनुसार कार्यक्रमलाई अगाडी बढाउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ५

पौवादुङमा गाउँपालिकामा UWS Nepal संगको सहकार्यमा सञ्चालन हुने ZEP कार्यक्रमको सन्दर्भमा प्रमुख प्रशासकीय अधिकृतबाट बैठक समक्ष जानकारी पेश भयो । सो सम्वन्धमा कार्यक्रमको बारे विस्तृत अध्ययन गरी उक्त कार्यक्रम गाउँपालिकाको सबै वडाहरुमा सञ्चालनको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ७

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र पौवादुङमा गा. पा. को साझेदारीमा निर्माण भएको च्याङ्ग्रे पोखरी निर्माणको ठेक्का सम्झौताको अवधी समाप्त हुने चरणमा रहेकोले सम्पन्न भएको कामको मूल्याङ्कन गरी V.O. अध्ययन समिति गठन गर्ने सर्व सम्मत निर्णय गरियो ।

देहाय

| | |
|---|---|
| १. (पूर्वाधार विकास समिति संयोजक) श्री बोम प्रसाद राई | संयोजक |
| २. ईन्जिनियर श्री सोभित घिमिरे | सदस्य |
| ३. खापासटे प्राविधिक श्री अनिल राई | सदस्य |

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

निर्णय नं. ८

गाउँपालिकाको आ. व. ०८१/०८२ मा स्वीकृत कार्यक्रम अनुसार कार्यालय प्रयोजनका लागि क्याटलग ( CATALOGUE ) बिधिबाट खरिद गरिएको कृषि एम्बुलेन्स सञ्चालनका लागि कार्यालयबाट तयार गरिएको "कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८१" स्वीकृत गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ९

मध्यपहाडी लोकमार्गको पौवादुङमा गा. पा. को तिवारीभन्ज्याङ्ग - २ शुन्य कि. मी. देखि पौवादुङमा - ४ मानेडाँडा सम्मको १० कि. मी. सडकको चौडाई ८ आठ मिटरभित्र पर्ने आवादी जग्गाहरुको कि. नं. यकिन गरी उक्त कित्ताहरुको लगत कट्टा सम्वन्धी कार्य गर्ने गरी कार्यालय र छेन्चुली ईन्जिनियरीङ्ग कन्सल्टेन्सी बीच भएको सेवा परामर्श खरिद सम्झौता बमोजिमको काम सम्पन्न गरी सम्वन्धित पक्षबाट प्रतिवेदन समेत पेश भईसकेको हुँदा उक्त परामर्शदाता कन्सल्टेन्सीलाई स्वीकृत बजेट शिर्षकबाट नियमानुसार भुक्तानी दिने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. १०

स्थानीय तहको दूरदराजमा रहेका शिक्षालाई प्रविधिसंग जोड्ने उद्धेश्यका साथ गाउँपालिकाको अनुरोधलाई अनुशरण गर्नु भई उहाँको महत्वपूर्ण पहलकदमीमा यस पौवादुङमा गाउँपालिकाको सानोदुम्मा मा. वि. मा ई-लर्निङ्ग सेन्टर स्थापना गरी २० थान कम्प्युटर र १ थान स्मार्ट टि. भी. जडान गरी प्रविधिमैत्री शिक्षा प्रदान गर्न सहयोग गर्नुहुने नेपाल सरकारका पूर्व अर्थमन्त्री एव ईश्वर मन्दिर काठमाडौका संरक्षक श्री शंकर प्रसाद कोइरालाज्यू तथा समाजसेवी, पत्रकार शंकेत कोईरालाज्यूलाई १८ औं गाउँ कार्यपालिकाको बैठकबाट हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

आर्थिक बर्ष ०७८/०७९ बाट प्रदेश सरकारको सहयोगमा निर्माणाधिन रहेको च्याङ्ग्रे स्वास्थ्य चौकी तथा प्रसुति गृहको भवनको निर्माण कार्य सरकार परिवर्तन संगै बार्षिक रुपमा प्रदेश सरकारले दिदै आएको बजेट कटौती हुन गई निर्माण कार्य अधुरो रहेकोमा उक्त अधुरो भवनको निर्माण कार्यलाई पुरा गर्न बीर अस्पताल काठमाडौका रेक्टर डा. लोचन कार्की, स्वास्थ्य मन्त्रालयका उप सचिव श्री सालिकराम दाहालज्यूको महत्वपूर्ण पहलकदमीमा यसै चालू आ. व. मा खर्च गर्ने गरी रु. ३७,००,०००।- (सैतिस लाख) बजेट उपलब्ध गराउनु भएकोमा उहाँहरु प्रति गहिरो कृतज्ञता सहित १८ औं कार्यपालिका बैठक हार्दिक धन्यवाद व्यक्त गर्दछ । साथै उक्त बजेटको अख्तियारी समेत प्राप्त भई सकेको हुँदा निर्माण उपभोक्ता समिति गठन गरी यथाशिघ्र कार्य अगाडी बढाउने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ११

गाउँपालिकाको आ. व. ०८१/०८२ मा महिला लक्षित उपाध्यक्ष आत्मनिर्भर स्वीकृत कार्यक्रम अन्तरगत कृषक समूहहरुबाट उत्पादन गरिएको कम्पोष्ट (गड्यौले मल) को स्थानीय दररेट प्रति के. जी. रु. २२।- (रुपैयाँ बाईस मात्र) कायम गर्ने र उक्त खरिद गरिएको मल कृषि उत्पादन गर्ने किसानलाई ५०% अनुदानमा उपलब्ध गराउने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. १२

चालू आ. व. ०८१/०८२ को १६ औं गाउँसभाको हिउँदे अधिवेशनको दोश्रो बैठक यहि २०८२ बैशाख ८ गते सोमबार दिनको ११:०० बजे आव्हान गर्ने सर्व सम्मत निर्णय गरियो ।

प्रस्तुत प्रस्ताव माथिको छलफल सकिएको हुँदा आजको बैठक समापन गरियो ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष